# लागु औषध नियन्त्रण ब्यूरो

कोटेश्वर, काठमाण्डौं

(प्रशासन शाखा)


आ.व. : २०८३/०८४

प्रेस विज्ञप्ति नं. : ४४६

मिति: २०८३।०४।०६ गते।

ने.सं. ११४६

## प्रेस विज्ञप्ति

### पिकअप गाडीमा फलफुलमुनि लुकाएको ठुलो परिमाणमा गाँजा बरामद।

लागु औषध नियन्त्रण ब्यूरो शाखा कार्यालय सिरहाबाट खटिएको प्रहरी टोलीले मिति २०८३।०४।०६ गते जिल्ला सिरहा लहान न.पा. वडा नं. ०३ स्थित श्यामकुमारी साहको घरको कम्पाउण्डमा पार्किङ गरी राखेको बा २१ च ५८६६ नं. को पिकअप गाडी चेकजाँच गर्ने क्रममा उक्त गाडीको पछाडीको भागमा फलफुलले छोपेर राखेको अवस्थामा लागु औषध गाँजा ६५२ के.जी. बरामद गरी थप अनुसन्धान कारवाहीको लागि इलाका प्रहरी कार्यालय लहान, सिरहा बुझाईएको।

**पक्राउ प्रतिबादीको विवरण :**

१. जिल्ला सिरहा लहान नगरपालिका वडा नं. ३ ठेगाना भएको वर्ष ३८ की श्यामकुमारी साह।

२. जिल्ला सिरहा लहान नगरपालिका वडा नं. ३ ठेगाना भएको वर्ष १९ को शिवम साह।

३. देश भारत घर भई हाल जिल्ला सिरहा लहान नगरपालिका वडा नं. ३ बस्ने वर्ष ३८ को गौरव महतो।

**बरामद दशी (सामान) को विबरण :**

१. लागु औषध गाँजा ६५२ के.जी.

२. बा २१ च ५८६६ नं. को पिकअप गाडी थान १

३. ब्लु बुक थान १

४. मोवाईल थान ३



**सह-प्रवक्ता**
**(जिवन निरौला)**
**प्रहरी नायव उपरीक्षक**